# बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि, २०८२

बुद्धशान्ति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय बुधबारे,

बुधबारे, झापा कोशी प्रदेश

## बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकावाट स्वीकृत मितिः-२०८२/०७/१९

<u>प्रस्तावना</u>: स्थानीय तहमा बालवालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्वर्धनका लागि नेपालको संविधान तथा कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न तथा बालबालिकाको बचावट, संरक्षण, विकास तथा सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितताका साथै बाल मैत्री स्थानीय शासनको प्रवर्धन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) तथा बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी बुद्धशान्ति गाउँपालिकाको गाउँ कार्यपालिकावाट यो कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याईएको छ।

### परिच्छेद १
### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यो कार्यविधिको नाम "बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि बुद्धशान्ति गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले बालबालिका सम्वन्धी ऐन, २०७५ भन्ने सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि, २०८२ सम्झनु पर्छ।

(ग) बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका व्यक्ति भन्ने सम्झनु पर्छ।

(घ) "बालक्लब वा बाल संस्था" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि १८ वर्षसम्मका बालबालिकाले यस कार्यविधि बमोजिम बुद्धशान्ति गाउँपालिकामा सुचिकृत गरेको बालक्लब वा बाल संस्था सम्झनु पर्छ ।

(ङ) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम बुद्धशान्ति गाउँपालिकाको कार्यपालिकाले नियुक्त गरेको वा तोकेको बाल कल्याण अधिकारी सम्झनु पर्छ ।

(च) बाल कोष भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षण सहायताका लागि बुद्धशान्ति गाउँपालिकामा खडा गरिएको बाल कोष भन्ने सम्झनु पर्छ।

(छ) विशेष संरक्षणका आवश्यकता भएका बालबालिका भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका भन्ने सम्झनु पर्छ।

(ज) "बाल सञ्जाल" भन्नाले बाल क्लब वा संस्थाको सञ्जाल सम्झनु पर्छ ।



मनोज प्रसाई
अध्यक्ष

(झ)"समाजसेवी वा मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम बुद्धशान्ति गाउँपालिकामा नियुक्त समाजसेवी, बाल मनोविज्ञ एवम् सामाजिक कार्य तथा मनोविज्ञान सम्बन्धमा तालिम प्राप्त गरी स्थानीय तहमा बालबालिकालाई सेवा दिने उद्देश्यले सूचीकृत व्यक्ति एवं सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत सम्झनु पर्छ ।

(ञ) स्थानीय तह भन्नाले बुद्धशान्ति गाउँपालिका बुधबारे,झापा भन्ने सम्झनु पर्छ।

(ट) अध्यक्ष भन्नाले बुद्धशान्ति गाउँपालिकाको अध्यक्ष भन्ने सम्झनु पर्छ।

(ठ) उपाध्यक्ष भन्नाले बुद्धशान्ति गाउँपालिकाको उपाध्यक्ष भन्ने सम्झनु पर्छ।

(ड) वडा अध्यक्ष भन्नाले बुद्धशान्ति गाउँपालिका अन्तर्गतको वडा अध्यक्षको पदमा निर्वाचित व्यक्ति वा सो पदमा रही कार्य गर्न तोकिएको व्यक्ति भन्ने सम्झनु पर्छ।

(ढ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले बुद्धशान्ति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्छ ।

(ण) समिति भन्नाले यस कार्यविधि बमोजिम गठन भएको बुद्धशान्ति गाउँपालिकाको बाल अधिकार समिति भन्ने सम्झनु पर्छ। यसले वडा स्तरमा गठन भएको समिति समेतलाई जनाउनेछ ।

(त) परिषद भन्नाले ऐनको दफा ५९ बमोजिम गठित राष्ट्रिय बाल अधिकार परिषद् भन्ने सम्झनु पर्छ।

(थ) सेवा प्रदायक निकाय भन्नाले बुद्धशान्ति गाउँपालिकामा सेवा प्रवाह गरिरहेको सरकारी कायार्लय, स्वास्थ्य चौकी, विद्यालय श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य निकायहरूलाई सम्झनु पर्छ ।

(द) प्रदेश मन्त्रालय भन्नाले कोशी प्रदेश सामाजिक विकास मन्त्रालय भन्ने सम्झनु पर्छ।

(ध) मन्त्रालय भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भन्ने सम्झनु पर्छ।

(न) प्रदेश समिति भन्नाले कोशी प्रदेश को प्रदेश बाल अधिकार समिति भन्ने सम्झनु पर्छ।

(ऩ) "संस्था" भन्नाले बाल अधिकार संरक्षण र सम्बर्द्धनका लागि प्रचलित कानून वमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन तथा सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## उद्देश्य

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन ।

(क) बुद्धशान्ति गाउँपालिकामा बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्धनका लागि कानूनी, नीतिगत, संस्थागत, संरचनागत, कार्यक्रमिक व्यवस्थामा स्पष्टता ल्याउने।

मनोज प्रसाई
अध्यक्ष

(ख) बुद्धशान्ति गाउँपालिकामा बालमैत्री शासन, बालमैत्री संरचना, बालमैत्री प्रक्रियाको अवलम्वन तथा प्रवर्धन गर्ने।

(ग) बालबालिका माथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्ने।

## परिच्छेद ३

## बाल अधिकारको संरक्षण तथा सम्वर्धन गर्ने

बाल अधिकारको संरक्षण गर्नुपर्नेः (१) स्थानीय तहमा बाल अधिकारको संरक्षण तथा सम्वर्धन गर्नु बुद्धशान्ति गाउँपालिकाको दायित्व हुनेछ।

(२) बुद्धशान्ति गाउँपालिकाको बालबालिकाको स्वस्थ जिवन तथा बाँच्न पाउने अधिकारको कार्यान्वयन र बालबालिकाको विकासका लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि बुद्धशान्ति गाउँपालिकाले देहायका उपायहरू अवलम्वन गर्नेछः

(क) विद्यालय ब्यवस्थापन समितिले विद्यालय परिसरलाई पर्खाल वा घेराबार लगाई अवाञ्छित व्यक्ति तथा चौपायाको प्रवेशलाई रोक्नुपर्नेछ ।

(ख) बुद्धशान्ति गाउँपालिकाले विद्यालय क्षेत्रको ५०० मिटर वरिपरिको बाटोमा सवारी साधनको गती अधिकतम २० किमि प्रति घण्टा तथा हर्न निषेधित क्षेत्र लागु गर्नुपर्नेछ ।

(ग) बुद्धशान्ति गाउँपालिकाबाट सञ्चालित स्वास्थ्य संस्थाहरूले अनिवार्य रूपमा न्यूनतम महिनाको एक पटक निःशुल्क औषधि र परिक्षण सुविधा सहितको विद्यालय स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्नेछ ।

(घ) यस बुद्धशान्ति गाउँपालिकाभित्र सञ्चालित निजी स्वास्थ्य संस्थाहरूले बुद्धशान्ति गाउँपालिका भित्रको कुनै एक सार्वजनिक विद्यालय र एक सामुदायिक वस्तीलाई आफ्नो सेवा क्षेत्र मानि निशुल्क औषधि तथा उपचार सेवा प्रदान गर्नुपर्नेछ ।

(ङ) बुद्धशान्ति गाउँपालिकाबाट सञ्चालित स्वास्थ्य संस्थाहरूले गर्भवती महिलाहरुलाई निःशुल्क नियमित स्वास्थ्य जाँच तथा स्वास्थ्य संस्थामा सुत्केरी गराउने सुविधा र प्रोत्साहन गर्नुपर्नेछ ।

(च) सामुदायिक तथा सरकारी स्वास्थ्य केन्द्रहरुले न्यूनतम वार्षिक २ पटक खोप, पोषण तथा मातृशिशु स्याहार सम्बन्धी कार्यक्रम वस्ती तथा विद्यालय स्तरमा सञ्चालन गर्नु पर्नेछ ।

(छ) बुद्धशान्ति गाउँपालिकामा निर्माण गरिने भौतिक पुर्वाधारमा बाल सुरक्षाको सुनिश्चितता गरी मात्र अनुमती प्रदान गर्नुपर्नेछ ।

(ज) सम्बन्धित वडा समितिहरुले आफ्नो क्षेत्रभित्र सञ्चालित विद्यालयको ५०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामग्री बिक्री वितरण तथा उपभोग गर्न निषेध गर्नुपर्नेछ ।



मनोज प्रसाई
अध्यक्ष

(झ) विद्यालय परिसर वरपर कुनै पनि चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसंग सम्बन्धित तस्वीर, होर्डिङ बोर्ड, पोस्टर पम्प्लेट लगाएतका प्रचार प्रसार गर्न निषेध गरिँएको छ।

(ञ) १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई सुर्ती, चुरोट तथा मदिराजन्य पदार्थ र अश्लील साहित्य तथा सामग्री बिक्री वितरण गर्न निषेध गरिएको छ।

(ट) बालबालिकाका लागि अस्वस्थकर र हानिकारक भनी प्रमाणित गरिएको खेलौना तथा खाद्य पदार्थहरू बजारमा बिक्री वितरण गर्न निषेध गरिएको छ।

(३) बुद्धशान्ति गाउँपालिकामा सेवा प्रवाह गरिरहेका विद्यालय, बालबालिकासंग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवम् सामाजिक संस्थाहरूले बालबालिका विरूद्धको हिंसा वा बाल यौन दुर्व्यवहार रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कार्वाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने अनिवार्य व्यवस्थाको लागि बुद्धशान्ति गाउँपालिकाले सहजीकरण गर्नेछ।

(४) बुद्धशान्ति गाउँपालिकाले बालबालिकाको संरक्षणका लागि देहायका उपायहरू अवलम्वन गर्नेछः-

(क) विद्यालयमा अवाञ्छित राजनीतिक गतिविधि, हस्तक्षेप तथा बालबालिका एवम् शिक्षकहरूको दलगत परिचालनमा निषेध गर्नेछ ।

(ख) प्रचलित कानून बाहेक बिना कारण विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालयबाट निश्कासन गर्न पाईने छैन ।

(ग) विद्यालयमा शिक्षक, विद्यार्थी, प्रशासक एवम् अभिभाक तथा आगन्तुकहरूले बालबालिकाबीच कुनै पनि भेदभाव, शारीरिक तथा मानसिक एवम् यौन हिंसा र दुर्व्यहार, अवहेलना गर्न तथा बालबालिकामाथि शारिरिक एव मानसिक चोट पुग्ने दण्ड सजाय गर्न निषेध गरिएको छ।

(घ) प्रत्येक विद्यालयमा सफा पिउने पानी, शौचालयमा पर्याप्त पानीको व्यवस्था, किशोरीका लागि महिनावारी प्याड तथा प्रारम्भिक उपचार बाकसको व्यवस्था गर्नेछ ।

(ङ) बालबालिकाविरूद्ध हुने हिंसा, दुर्यवहार, शोषणका अन्त्यका लागि प्रत्येक विद्यालय तथा बालबालिकासँग कार्य गर्ने निकायले बाल सरक्षण मापदण्ड उजुरी र सम्बोधन तथा प्रेषण प्रणालीलाई लागु गर्नुपर्नेछ ।

(च) विद्यालयमा शिक्षा तथा अन्य सुविधाका नाममा धार्मिक द्वेष फैलाउने, धर्म परिवर्तन गर्न लगाउने र फरक जात, समुदाय, सम्प्रदाय तथा संस्कृति प्रति द्वेष तथा घृणा जगाउने कार्य निषेध गर्नुपर्नेछ ।

(छ) बुद्धशान्ति गाउँपालिकाले जोखिममा रहेका बालबालिकाको तत्काल उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाईन नं. १०९८ तथा हराएका, बेवारिस फेला परेका बालबालिकाको सकुशल उद्दार तथा व्यवस्थापनका लागि



मनोज प्रसाई
अध्यक्ष

बालबालिका खोजतलास सेवा केन्द्रको नं. १०४ सँग समन्वय र सहकार्यको व्यवस्था गर्नेछ ।

(ज) बुद्धशान्ति गाउँपालिका तथा वडा कार्यालयहरूले बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि शिक्षा र स्वास्थ्यका बजेट अतिरिक्त अनिवार्य रूपमा पुँजीगत बजेटको प्रतिशत विनियोजन गर्ने व्यवस्था मिलाउनेछ ।

(झ) प्रत्येक परिवारले आफ्नो परिवारमा जन्मिएका बालबालिकाको जन्मदर्ता प्रचलित कानून बमोजिम ३५ दिनभित्र गरिदिनु पर्नेछ ।

(ञ) प्रत्येक परिवारले ३ देखि ५ वर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्रमा ५ देखि १७ वर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउनु पर्नेछ

(ट) कुनै पनि परिवारले आफ्ना बालबालिकामाझ र समुदायका बालबालिकामाझ लिङ्ग, जातजाति, रङ्ग, पारिवारिक हैसियत तथा शारीरिक र यौनिक अवस्थाका आधारमा भेदभाव गर्नेछैन,

(ठ) कसैले पनि प्रचिलत कानुन विपरित बालश्रमको प्रयोग गर्न पाउनेछैन ।

(ड) समुदायमा कसैले पनि बालबालिका विरूद्ध हिंसा, शोषण, दुर्व्यवहार गरेमा वा त्यस्ता घटना हुन लागेको थाहा भएमा नजिकको प्रहरी कार्यालय वा बुद्धशान्ति गाउँपालिकाको स्थानीय बाल अधिकार समिति वा न्यायिक समितिमा उजुरी गर्नसक्नेछ । यसरी उजुरी प्रास भै सकेपछि अभिलेख राखि कानून वमोजिम आवश्यक कार्वाही गर्नुपर्छ।

५. <u>बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्नेः</u> (१) बुद्धशान्ति गाउँपालिका, बाल कल्याण अधिकारी, समाजसेवी, सामाजिक संघ संस्था तथा बालबालिकाका निम्ति सेवा प्रदायक निकायहरुले बालबालिकाको सन्दर्भमा निर्णय लिंदा निम्न बमोजिम सर्वोत्तम हित निर्धारण गर्नु पर्नेछः-

(क) बालबालिकाको समग्र सामाजिक, पारिवारिक तथा शारिरिक अवस्थाको अध्ययन गरी आवश्यकताको पहिचान र प्राथमिकीकरण गर्ने ।

(ख) बालबालिकाको परिवार वा तोकिएको संरक्षकको आर्थिक, सामाजिक पृष्ठिभूमि अध्ययन गरी बालबालिकाका निम्ति शिक्षा, स्वास्थ्य तथा सुरक्षित हुन सक्ने नसक्ने निर्धारण गर्ने।

(ग) बालबालिकाको सम्बन्धित सवालमा उपलब्ध विकल्पहरुको सूची तयार गर्ने र सबै विकल्पको सबल पक्ष र जोखिमता पहिचान गर्ने ।

(घ) सम्बन्धित बालबालिकाले आफ्नो विचार र अनुभव अभिव्यक्त गर्न सक्ने भए उसको धारणा लिखित रुपमा उतार गर्ने ।

(ङ) सम्बन्धित बालबालिकाका लागि उपलब्ध विकल्पहरुमध्ये जोखिम रहित वा सबैभन्दा कम जोखिम भएको विकल्प निर्धारण गर्ने ।



मनोज प्रसाई
अध्यक्ष

(च) निर्धारित गरिएको सेवा व्यवस्थामा जोखिम न्यूनीकरणका कार्यहरु लागु गर्ने ।

(छ) नियमित रुपमा बालबालिकाको अवस्था अनुगमन मुल्यांकन तथा प्रतिवेदन संकलन गर्ने।

(ज) निर्णय गर्ने अधिकारी वा अदालतले बालबालिकाको उच्चतम हित निर्धारण गर्ने प्रयोजनका निमित्त सम्बन्धित क्षेत्रका विशेषज्ञ वा विज्ञको धारणालाई प्रमाणमा लिन सक्नेछन् ।

(झ) निर्णय गर्ने अधिकारी वा अदालतले बालबालिकाको उच्चतम हित निर्धारण गर्दा निर्णय गर्नुपर्ने विषयमा स्थापित भएको अन्तराष्ट्रिय मान्यता र अभ्यासलाई उचित महत्व दिइनेछ ।

६. <u>बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता:</u> (१) बुद्धशान्ति गाउँपालिकामा बाल अधिकारको क्षेत्रमा कार्यरत संघ संस्था तथा निकायले देहायको प्रक्रियाबाट बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता गर्न सक्नेछः-

(क) बालबालिकाले प्रत्यक्ष सहभागी हुने र सेवा लिने निकायहरूको संरचना र व्यवहार बालमैत्री र बाल सुरक्षित भएको सुनिश्चत गर्न स्थानीय तहले मन्त्रालयले जारी गरेको मापदण्ड बमोजिम बालमैत्री अवस्थाको लेखाजोखा गर्नेछ।

(ख) बालबालिकालाई सेवा प्रदान गर्ने निकायहरू बालमैत्री बनाउन बुद्धशान्ति गाउँपालिकाले निर्देशन दिने, क्षमता विकास तथा सुधारका कार्यका लागि सहायता प्रदान गर्न सक्नेछ।

(ग) बालमैत्री र बाल सुरक्षित नभएका निकायहरूलाई सेवा प्रदान गर्नबाट बालमैत्री नभएसम्मका लागि बुद्धशान्ति गाउँपालिकाले सेवा प्रदान गर्नबाट रोक लगाउन सक्नेछ।

## परिच्छेद ४

## <u>बाल सहभागिता तथा बाल क्लब सञ्चालन</u>

७. <u>बाल सहभागिताको अभ्यास:</u> (१) बुद्धशान्ति गाउँपालिकाले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णय प्रक्रियमा बाल सहभागिताको अभ्यास गर्नेछ।

(२) बुद्धशान्ति गाउँपालिकाले आफ्नो क्षेत्रिभित्रका घर परिवार विद्यालय तथा सामुदायिक सस्थाले गर्ने कार्यहरुमा बाल सहभागिताको अभ्यास प्रवर्द्धन गर्नेछ ।

(३) उपदफा (२) मा उल्लेख भए बमोजिमका बाल सहभागिताको अभ्यास गर्नु अभिभावक, संरक्षक तथा परिवारका अन्य सदस्यहरू तथा विध्यालय सार्वजनिक निकाय तथा सस्थाको कर्तब्य हुनेछ।

मनोज प्रसाई
अध्यक्ष

८. <u>बाल सहभागिताका प्रवर्धनका नाममा गर्न नहुने कार्यहरूः</u> (१) बालसहभागिताको नाममा व्यक्ति, संस्था, सार्वजनिक निकायले देहायका कामहरू गर्न, गराउन वा त्यसो गर्न कसैलाई दुरूत्साहन गर्नु हुँदैनः-

(क) बालबालिकाको अध्ययनमा नियमित रूपमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागी गराउने । तर, बुवाआमा वा संरक्षकको लिखित मञ्जुरीनामा कुनै प्रतियोगितामा भाग लिन सक्नेछन्। यसरी भाग लिएका बालबालिकाका शिक्षा सुनिश्चित गर्न वैकल्पिक योजना बनाउनु पर्नेछ ।

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुर्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउने

(ग) बालबालिकालाई आमाबाबु, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले र्याली, जुलुस, सभा आदिमा सहभागी गराउने,

(घ) परम्परागत हानिकारक अभ्यास गर्न वा सो अभ्यासमा सहभागी गराउने,

(ङ) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका वा बालक्लब वा संस्था वा तिनको सञ्जाल मार्फत गराउने । तर, बालबालिकालाई आफै प्रत्यक्ष फाइदा पुर्याउने उद्देश्यले उनीहरूलाई शारीरिक तथा मानसिक रूपमा प्रतिकूल असर नपर्नेगरी वातावरण अनुकूलका सामाजिक तथा सहभागितात्मक क्रियाकलापहरूमा सहभागी गराउन यस नियमले बाधा पुर्याउँदैन ।

९. <u>बाल क्लव वा संस्था दर्ता तथा नवीकरणः</u> (१) बालबालिकाले बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि बालक्लब वा संस्था सुचिकृत गर्न विद्यालय स्तरको लागि सम्वन्धित विद्यालयको सिफारिस सहित र समुदायस्तरको भए सम्वन्धित टोल विकास संस्थाको सिफारिस सहित बुद्धशान्ति गाउँपालिकामा देहायका विवरण सहित अनुसुची १ अनुसारको निवेदन र अनुसुची २ अनुसारको बालक्लवको विधान सहित पेश गर्नु पर्दछ ।

(क) बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,

(ख) बालक्लवको नाम बालबालिकाहरुको आपसी छलफलका आधारमा तय गरिनेछ । तर कुनै संस्थाको नाम जोडेर बालक्लवको नाम राख्न पाईने छैन । विद्यालयको हकमा भने विद्यालयको नाम जोड्न सकिनेछ ।

(ग) बालक्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,



मनोज प्रसाई
अध्यक्ष

(घ) बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि।

(२) उपनियम (१) बमोजिम निवेदन आएमा बुद्धशान्ति गाउँपालिकाले बालक्लब वा संस्था सुचिकृत गरी बालकल्याण अधिकारीले अनुसूची ३ बमोजिमको प्रमाणपत्र दिनेछ । सुचिकृत बालक्लवहरुको अभिलेख अनुसुची ४ अनुसारको दर्ता किताबमा राखु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दर्ता भएको बालक्लब वा संस्थाले प्रत्येक वर्ष बुद्धशान्ति गाउँपालिकामा देहायको विवरण खुलाई नवीकरणको लागि निवेदन दिन सक्नेछन्:

(क) वर्षभरी आफूले गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

(ख) सदस्यहरू तथा कार्य समितिमा रहेका पदहरूको विवरण ।

(४) उपनियम (३) बमोजिम निवेदन आएमा बुद्धशान्ति गाउँपालिकाले बालक्लब वा संस्थाको नवीकरण गरिदिनेछ । नविकरणको लागि अनुसुची ५ अनुसारको नविकरण अभिलेख किताबमा राखु पर्नेछ ।

(५) बाल क्लब वा संस्था सुचिकृत र नवीकरण तथा सिफारिस गरे बापत कुनै शुल्क लिइने छैन ।

(६) प्रत्येक बाल क्लव तथा संस्थाले प्रत्येक वर्ष सम्पादन गरेका कार्यहरूको संक्षिप्त जानकारी प्रत्येक वर्षको फागुन महिनाको मसान्तसम्म बुद्धशान्ति गाउँपालिका स्थानीय बाल अधिकार समितिमा पठाउनु पर्नेछ।

(७) स्थानीय बाल अधिकार समितिले बालक्लव एवम् संस्थाको वार्षिक जानकारीको संक्षिप्त विवरण प्रत्येक वर्षको बैशाख महिनाको मसान्तसम्म प्रदेश बाल अधिकार समितिमा पठाउनु पर्नेछ । यसैगरी प्रत्येक प्रदेश बाल अधिकार समितिले उक्त जानकारीको संक्षिप्त विवरण प्रत्येक असार महिनाको मसान्तसम्म राष्ट्रिय बाल अधिकार परिषदमा पठाउनु पर्नेछ ।

(८) बाल क्लब वा संस्थाले तीन वर्षसम्म बुद्धशान्ति गाउँपालिकामा नवीकरण नगरेमा उक्त बाल क्लब वा संस्था स्वतः खारेज हुनेछ ।

१०. <u>बाल क्लब सञ्जाल गठन, तथा सञ्चालन</u> (१) बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्न, बाल सहभागितालाई संस्थागत गर्न र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल क्लब सञ्जालको गठन गर्न सकिनेछ ।

(२) बालक्लब सञ्जाल वडा स्तर तथा बुद्धशान्ति गाउँपालिका स्तरका हुनेछन् । प्रत्येक वडामा १ वटा वडा बाल सञ्जाल तथा बुद्धशान्ति गाउँपालिकामा १ वटा बाल सञ्जाल अनिवार्य रहने छ । सबै बाल सञ्जालको आबद्धता वडा समितिको सिफारिसमा बुद्धशान्ति गाउँपालिकासँग रहनेछ । वडा बाल सञ्जालको संरक्षक वडा अध्यक्ष रहनेछन् र बुद्धशान्ति गाउँपालिकास्तरीय बाल सञ्जालको संरक्षकत्व बुद्धशान्ति गाउँपालिकाको अध्यक्षले ग्रहण गर्नेछन् ।

(३) बाल क्लब सञ्जाल गठन गर्नका लागि (बुद्धशान्ति गाउँपालिका र वडा) तहमा बुद्धशान्ति गाउँपालिकामा आवद्धता भएका बाल क्लवहरूका प्रतिनिधिहरुको भेलाको आयोजना गर्नु पर्नेछ ।



मनोज प्रसाई
अध्यक्ष

(४) वडा स्तरिय सञ्जाल गठन गर्न प्रत्येक बालक्लववाट २ बालक, २ बालिका र १ जना अपाङ्गता भएका, दलित तथा पिछडिएका अल्पसख्यक समुदायका बालबालिका गरि ५ जना सहभागी भई आयोजना भएको बालक्लवहरुको भेलाले वडा तहमा वढीमा ११ सदस्यिय वडा स्तरीय बालक्लव सञ्जालको गठन हुनेछ । जसमा सामाजिक समावेशीकरणलाई ध्यान दिई कम्तिमा ३३ प्रतिशत बालिकाको सहभागिता सुनिश्चित हुनुपर्नेछ । जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष मध्ये कम्तिमा दुई पदमा बालिका हुनुपर्नेछ ।

(५) वडा स्तरीय भेलावाट बुद्धशान्ति गाउँपालिका सञ्जाल निर्माणको लागि प्रत्येक वडा वाट २ बालक, २ बालिका र १ जना अपाङ्गता भएका, दलित तथा पिछडिएका अल्पसख्यक समुदायका बालबालिका गरि ५ जना प्रतिनिधि छनौट गरी बुद्धशान्ति गाउँपालिका स्तरीय बालभेलामा प्रतिनिधित्व गर्नुपर्नेछ । प्रत्येक वडाको प्रतिनिधिहरुमध्येवाट बुद्धशान्ति गाउँपालिका स्तरीय १५ सदस्यिय बालक्लव सञ्जालको गठन हुनेछ । जसमा सामाजिक समावेशीकरणलाई ध्यान दिई कम्तिमा ३३ प्रतिशत बालिकाको सहभागिता सुनिश्चित हुनुपर्नेछ । जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष मध्ये कम्तिमा दुई पदमा बालिका हुनुपर्नेछ ।

(६) वडा तथा बुद्धशान्ति गाउँपालिकामा गठन भएका बालक्लव सञ्जालहरु गठन भएको एक महिनाभित्र बुद्धशान्ति गाउँपालिका कार्यालयमा सूचीकृत गर्नु पर्नेछ । सुचिकृतका लागि अनुसूची १ अनुसारको निवेदन लिई अनुसूची २ अनुसारको बालक्लव सञ्जालको विधान, अनुसूची ३ को प्रमाणपत्र बुद्धशान्ति गाउँपालिकाको बालकल्याण अधिकारीबाट प्रमाणित गरी बालक्लव सञ्जालहरुलाई उपलव्ध गरा ६उनुपर्नेछ ।

(७) बाल सञ्जाल दर्ता र नविकरण गरे बापत कुनै शुल्क लिइने छैन ।

(८) बाल सञ्जालले ५ वर्षसम्म उक्त सञ्जालको नवीकरण नगरेमा स्वतः खारेज हुनेछ ।

११. <u>बाल क्लबको काम, कर्तव्य र अधिकार :</u> बाल क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) क्लबमा आवद्ध सदस्य सहित अठार वर्ष मुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने,

(ख) बालबालिका, उनीहरूका अभिभावक, र परिवारका अन्य सदस्यहरूलाई बाल अधिकारको बारेमा सचेत गराउने।

(ग) सिकाई प्रक्रियामा बाल सहभागिता अभिबृद्धि गर्दै बालबालिकामा अन्तरनिहीत प्रतिभाको प्रस्फुटन गर्ने गराउने ।

(घ) बालबालिकालाइ जीवनपयोगी सीपको बारेमा जानकार गराउने

(ङ) बाल क्लबलाइ बालबालिकामा रचनात्मकता र नवीन कौशल विकास गर्ने एक साझा स्थलको रूपमा स्थापित गराउने

(च) बालबालिकाको कक्षा कोठाको सिकाइलाई वास्तविक जीवनमा रूपान्तरण गर्न सक्ने साधनको रूपमा बाल क्लबलाइ परिचित गराउने



मनोज प्रसाई
अध्यक्ष

(छ) स्वास्थ्य, सरसफाई र वातावरणका क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरू सञ्चालन गर्ने।

(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न स्थानीय तहमा विभिन्न कार्यक्रमहरू आयोजना गर्ने।

(झ) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ संस्कृति र शिक्षाको संरक्षणका लागि आवाज उठाउन; र सामाजिक कुरीति तथा बाल अधिकार उल्लंघनको घटनाहरूको विरूद्ध रचनात्मक आवाज उठाउने,

(ञ) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गर्ने,

(ट) सम्बन्धित पालिका तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतनामुलक कार्यमा सकृय सहभागिता जनाउने,

(ठ) बालमैत्री शासन प्रवर्धनका लागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री वडा वा पालिका अभियानमा पालिका तथा वडालाई निरन्तर सहयोग गर्ने,

(ड) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा पालिका, वडा तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने,

(ढ) क्लबलाई आफुलाई प्राप्त जिम्मेवारी कार्यान्वयन गर्न कार्यकारी सदस्यको संयोजकत्वमा बढीमा पाँच जना साधारण सदस्यहरु सम्मिलित उप समितिहरु गठन गर्न सक्ने ।

१२. <u>बाल सञ्जालको काम, कर्तव्य र अधिकारः</u> (१) बाल क्लब सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो क्षेत्रभित्रका बालक्लबहरूको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने ।

(ख) आबद्ध बालक्लबहरूको गतिविधि सञ्चालन गर्न सञ्जाललाई स्थानीय वडा, बुद्धशान्ति गाउँपालिका तथा अन्य सहयोगी संस्थाहरूबाट प्राप्त सहयोग उपलब्ध गराउने । बालक्लबले सम्पन्न गर्न सक्ने यसै निर्देशिकामा तोकिएका कार्यहरू गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(ग) बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रमहरूमा अतिथिको रूपमा उपस्थित भई बालक्लबका अन्य साथीहरूलाई हौसला प्रदान गर्ने ।तर, यस्ता किसिमका गतिविधिहरू सञ्चालन गर्दा आफ्ना तथा अन्य साथीहरूको पढाइलाई असर नपर्ने गरी विदा तथा फुर्सदको दिनमा कार्यक्रम गर्न उत्प्रेरित गर्ने ।

(घ) बालअधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्यहरू बालक्लबहरू मार्फत् प्रभावकारी रूपले सम्पन्न गर्न विभिन्न उपसमितिहरूको गठन गरी सञ्जालका



मनोज प्रसाई
अध्यक्ष

पदाधिकारीहरूका बीचमा कार्यविभाजन गरी काम गर्न सकारात्मक वातावरण बनाउने ।

(ङ) बुद्धशान्ति गाउँपालिकाले स्थानीय स्तरमा बालबालिकाको अधिकारसँग सम्बन्धित योजना तर्जुमा कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण चरणहरूमा सञ्जालबाट प्रतिनिधित्वको माग गर्नुका साथै अन्य बालक्लबहरूको तर्फबाट आएको योजना तथा सुझावहरू समेतलाई ख्याल गर्दै सञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने ।

(च) स्थानीय स्तरमा बालबालिकामाथि हुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, हेपाइ, सामाजिक कुरीति र विभेद जस्ता बालअधिकार हननका घटनाविरूद्ध बालक्लबको तर्फबाट आवश्यक पहल र पैरबी गर्ने साथै यस्ता किसिमका घटनाका विरूद्ध सम्बन्धित सरोकारवाला पक्षहरूको ध्यान आकृष्ट गराउने, सहकार्य र समन्वय गर्ने ।

(छ) बालक्लबहरुले आयोजना गर्ने कार्यक्रमका लागि आवश्यक स्रोतहरुको खोजी गरी सञ्जालले सहयोग माग गर्ने तथा कार्यक्रम सम्पन्न गर्न अन्य निकायहरुसँग समन्वय गर्ने ।

(ज) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री वातावरण, खुला दिसामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालयमा भयरहित शिक्षण सिकाइको सम्बन्धमा बालबालिका सँगसँगै गर्ने अभियानहरूमा बालसञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने ।

(झ) बालक्लब तथा बाल अधिकारको क्षेत्रमा कार्यरत अन्य संघसंस्था तथा सरोकारवालाहरूबीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने ।

(ञ) आफ्नो क्षेत्रभित्र रहेका बालक्लबहरूले सम्पन्न गरेका क्रियाकलापहरूको संक्षिप्त प्रतिवेदन माग गर्ने तथा सो को अभिलेख राख्ने तथा स्थानीय तह र स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

(ट) बालक्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सजृना गर्ने ।

(२) बाल क्लब तथा सञ्जालले सञ्चालन गर्न नसक्ने कार्यक्रमहरूको सीमा देहाय बमोजिम हुनेछः-

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न ।

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुर्‍याउने कार्य ।

(ग) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।

मनोज प्रसाई
अध्यक्ष

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू ।

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू । तर प्रतिस्पर्धा, आवासिय तालिम वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।

(च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरू जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउने कार्यहरु ।

(छ) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरु ।

(ज) सिंगो परियोजना सञ्चालन गर्ने वा ठुला र लामो समयका गतिविधिहरू सञ्चालन गर्ने कार्य ।

(झ) आर्थिक जिम्मेवारी लिई गरिने कार्यहरु ।

(ञ) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु।

(ट) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्शाई बाल अधिकारकर्मी, स्थानीय बाल अधिकार समिति तथा बालमैत्री शासन समन्वय समितिको परामर्शमा सुरक्षा निकाय वा गाउँपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरु ।

१३. <u>बालक्लब वा संस्था र बाल सञ्जालको आर्थिक दायित्वः</u> (१) बालक्लब वा संस्था र बाल सञ्जालले कुनै पनि किसिमको आर्थिक कारोबार गर्नु हुँदैन र अन्य कुनै व्यक्ति वा संस्थाले बालक्लब वा संस्था र बाल सञ्जाललाइ आर्थिक दायित्व दिन हुँदैन ।

(२) बालक्लब वा संस्था र बाल सञ्जालसँग सहकार्य गर्दा सहकार्य गर्ने सँस्थाले आर्थिक दायित्व व्यहोर्ने गरी सञ्चालन गर्नुपर्नेछ ।

(३) बालक्लब वा संस्था र बाल सञ्जालले आफ्नो संस्थाको आर्थिक दायित्व सञ्चालन गर्न कुनै व्यक्ति वा संस्था लाई जिम्मेवारी दिन सक्नेछन् ।

(४) यसरी जिम्मेवारी पाएको संस्थाले प्रचलित कानून बमोजिम सामाजिक संस्थाले राख्ने लेखा प्रणाली बमोजिम संस्थाको लेखा राखुपर्नेछ ।

## परिच्छेद ५

## बाल अधिकार समिति सम्बन्धी व्यवस्था

१४. <u>स्थानीय बाल अधिकार समितिको गठनः</u> (१) बुद्धशान्ति गाउँपालिका स्तरीय स्थानीय बाल अधिकार समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्:-

(क) बुद्धशान्ति गाउँपालिकाको उपाध्यक्ष — अध्यक्ष

(ख) बुद्धशान्ति गाउँपालिकाले तोकेको एक महिला वडा सदस्य सहित दुई जना वडा सदस्य — सदस्य



मनोज प्रसाई
अध्यक्ष

(ग) बुद्धशान्ति गाउँपालिकाले मनोनयन गरेको माध्यमिक विद्यालयका प्रधानाध्यापक वा शिक्षक — सदस्य

(घ) बुद्धशान्ति गाउँपालिकाले तोकेको स्वास्थ्यकर्मी १ जना — सदस्य

(ङ) बुद्धशान्ति गाउँपालिकाको शिक्षा र स्वास्थ्य शाखा हेर्ने प्रमुखहरु एक/एक जना — सदस्य

(च) बुद्धशान्ति गाउँपालिका स्तरीय बाल सञ्जालको अध्यक्ष — सदस्य

(छ) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी — सदस्य

(ज) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट स्थानीय तहले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित तीन जना — सदस्य

(झ) बाल कल्याण अधिकारी- — सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग), (घ), (ज) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ,

(क) नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा भएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रविणता प्रमाण-पत्र तह वा कक्षा १२ उत्तीर्ण गरेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध बिक्री, वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, सङ्गठित अपराध, बालबालिका विरुद्धको कसूर, बाल अधिकार हनन् वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) मनोनित हुँदाको बखत राजनीतिक दलको सदस्य नरहेको।

१५. <u>स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः</u> (१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

(ग) बुद्धशान्ति गाउँपालिकाद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) नेपाल पक्ष रहेका बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसँग सम्बन्धित स्थानीय तह स्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,



मनोज प्रसाई
अध्यक्ष

बुद्धशान्ति गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल

(ङ) स्थानीय तहभित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(च) बुद्धशान्ति गाउँपालिकाका वडा, विद्यालय, संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) स्थानीय तहमा एक आर्थिक वर्षमा बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय वार्षिक प्रतिवेदन स्थानीय कार्यपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राखे, समिति तथा स्थानीय तहमा सुरक्षित राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालीम दिन तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,

(ट) बुद्धशान्ति गाउँपालिका मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,

(ड) बुद्धशान्ति गाउँपालिकामा बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्पलाइन नं. १०९८ (दश,नौ, आठ) नेपाल सञ्चालन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ढ) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचिकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,

(ण) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र अदालतलाई सहयोग गर्ने,



मनोज प्रसाई
अध्यक्ष

(त) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन सहित मन्त्रालयमा सिफारिस गर्ने,

(थ) बुद्धशान्ति गाउँपालिकाभित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शीत लहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फ्लूजा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(द) बुद्धशान्ति गाउँपालिकाभित्र सञ्चालित बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरूको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालीम प्रदान गरिएको छ वा छैन,

(३) बाल क्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

(४) बालबालिकालाई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा कुनै अवाञ्छित कार्य भए गरेको छ वा छैन,

(६) उपखण्ड (५) मा उल्लिखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

(७) बाल गृहमा आश्रित बालबालिका वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रूपमा बाल कल्याण अधिकारबाट व्यवस्था मिलाइ राखिएको छ वा छैन,

मनोज प्रसाई
अध्यक्ष

(८) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरु पालन गरेको छ वा छैन,

(९) उपलब्ध स्रोत साधनलाई मध्य नजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(१०) बाल संरक्षण मापदण्ड निमार्ण गरी लागू गरिएको छ वा छैन ।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. <u>स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः</u> स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ ।

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

(३) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१७. <u>उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः</u> (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा



मनोज प्रसाई
अध्यक्ष

पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि स्थानीय तहको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।

१८. <u>वडा स्तरीय बाल अधिकार समिति:</u> (१) वडा स्तरीय बाल अधिकार समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्:-

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडा अध्यक्ष १ जना | अध्यक्ष |
| (ख) वडाले तोकेको महिला सदस्य सहित दुई जना वडा सदस्य | सदस्य |
| (ग) स्थानिय माध्यमिक विद्यालयका प्रधानाध्यापक वा शिक्षक, स्वास्थ्यकर्मी वा महिला स्वास्थ्य स्वयंसेविका मध्यवाट २ जना | सदस्य |
| (घ) वडा स्तरीय बाल सञ्जालको अध्यक्ष | सदस्य |
| (ङ) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित दुई जना | सदस्य |
| (च) वडा सचिव | सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (ग), (ङ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (ङ) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ,

(क) नेपाली नागरिक,
(ख) पच्चीस वर्ष उमेर पूरा भएको,
(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा आधारभूत तह उत्तीर्ण गरेको,
(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव वेचबिखन तथा ओसार पसार, लागू औषध बिक्री, वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्वन्धी कसूर, सङ्गठित अपराध, बालबालिका विरुद्धको कसूर, बाल अधिकार हनन् वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,
(ङ) मनोनित हुँदाको बखत राजनीतिक दलको सदस्य नरहेको।
(च) सम्बन्धित वडाभित्र स्थायी बसोबास भएको।

(३) उपदफा (३)मा जेसुकै लेखेको भएता पनि वडा सदस्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा अन्य पदेन सदस्यहरू तथा बाल सञ्जालका प्रतिनिधिहरूका हकमा उमेर, बसोवास क्षेत्र, शैक्षिक योग्यताको आधारमा सदस्य हुन अयोग्य मानिने छैन।

१९. <u>वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार:</u> (१) वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:



मनोज प्रसाई
अध्यक्ष

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्वन्धी योजना, नीति र कार्यक्रमहरूको बाल अधिकारमा आधारित सहभागितामूलक ढंगवाट निर्माण गर्ने ।

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।

(ग) वडालाई बालमैत्री बनाउने सिङ्गो प्रक्रियाको नेतृत्व लिने ।

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने ।

(ङ) बालबालिकाको सम्वन्धमा प्राप्त उजूरीहरूको संकलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने ।

(च) वालबालिकासंग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने ।

(छ) वडास्तरमा बालश्रम, बाल विवाह, बेचविखन, ओसारपसार, बालबालिका विरूद्द हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्यन गर्ने ।

(ज) सार्वजनिक सुनुवाइका समयमा स्थानीय तहबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरूको प्रगति विवरण सार्वजनिक गर्ने ।

(झ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरूको नक्सांकन गर्ने ।

(ञ) वाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि वहुपक्षीय निकायहरूसंग समन्वय तथा सहकार्य गर्ने ।

(ट) वडामा रहेका बालक्लव, सञ्जाल, समूहको सूची तयार गरी स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

(ठ) वडामा सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरूको अनुगमन गरी स्थानीय बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद ६

## बाल कल्याण अधिकारी

२०. बाल कल्याण अधिकारीको नियुक्तिः (१) बुद्धशान्ति गाउँपालिकाले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम हुने गरी एकजना बाल कल्याण अधिकारी बुद्धशान्ति गाउँपालिकाको कर्मचारी पदपुर्ति प्रक्रिया अनुसार नियुक्त गर्नेछ ।

(२) उपनियम (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म बुद्धशान्ति गाउँपालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा बालबालिकाको विषय हेर्ने कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम नियुक्त बाल कल्याण अधिकारीले स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ ।



मनोज प्रसाई
अध्यक्ष

२१. <u>बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः</u> बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने।

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न बुद्धशान्ति गाउँपालिका र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

(ग) बुद्धशान्ति गाउँपालिकाभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क संकलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने।

(घ) बुद्धशान्ति गाउँपालिकाका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्दार, मनोसामाजिक विमर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बाल अधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

(च) खण्ड (घ) मा उल्लेखित बालबालिकाको सहायताका लागि यस नियमावली बमोजिम जारी हुने निर्देशिका तथा मापदण्डमा उल्लेख भए बमोजिमको अन्य कार्य गर्ने ।

(छ) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका रुपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण बुद्धशान्ति गाउँपालिकाबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्मा उपलब्ध गराउने ।

(ज) बालबालिका विरूद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(झ) ऐनको दफा ४९ बमोजिम स्थानीय तहभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने ।

मनोज प्रसाई
अध्यक्ष

(ञ) बुद्धशान्ति गाउँपालिकामा भएका बालअधिकार उल्लंघन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्दार, राहत, संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ट) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने ।

(ठ) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने ।

(ड) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

(ढ) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरी खण्ड (ग), (झ), (ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषदमा पेश गर्ने ।

(ण) बुद्धशान्ति गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने ।

(त) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

## परिच्छेद ७

## बाल मनोविज्ञ वा मनोसामाजिक विमर्शकर्ता, समाजसेवी तथा सेवा प्रदायक निकाय सम्बन्धी व्यवस्था

२२. समाजसेवी तथा बाल मनोविज्ञ वा मनोसामाजिक विमर्शकर्ताको सूची तथा नियुक्ती: (१) बुद्धशान्ति गाउँपालिकामा रही समाजसेवी तथा बालमनोविज्ञ वा मनोसामाजिक विमर्शकर्ताको रूपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञ वा मनोसामाजिक विमर्शकर्तालाई सूचीकृत गर्नका निमित्त बुद्धशान्ति गाउँपालिका, स्थानीय बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ।

(३) समाजसेवी तथा बाल मनोविज्ञ वा मनोसामाजिक विमर्शकर्ताको रूपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा व्यक्तिगत विवरण सहित बुद्धशान्ति गाउँपालिका स्थानीय बालअधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उप-दफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गर्दा बुद्धशान्ति गाउँपालिका स्थानीय बाल अधिकार समितिले तोकेको न्यूनतम योग्यता पुगेका निवेदकहरूलाई समाजसेवीका रूपमा स्थानीय बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।



मनोज प्रसाई
अध्यक्ष

(५) समाजसेवीको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा स्थानीय बाल अधिकार समितिको सिफारिसमा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने समाजसेवीको पारिश्रमिक गाउँकार्यपालिकाले व्यवस्था गर्नेछ ।

(७) उपदफा (४) बमोजिम सुचिकृतका लागि आवेदनका दिएका मनोविज्ञका लागि ६ महिनाको मनोसामाजिक विमंर्श सम्वन्धी तालिम प्राप्त, सर्वोच्च अदालतवाट बालमनोविज्ञको २ महिनाको तालिम, मनोसामाजिक विमर्श सम्वन्धी एकवर्षे डिप्लोमा गरेको र समाजसेवीका लागि सिटिईभिटीवाट सामाजिक कार्य विषयमा अध्ययन गरेको, सामाजिक कार्य विषयमा स्नातक गरेको, सर्वोच्च अदालतवाट समाजसेवी सम्वन्धी तालिम प्राप्त साथै १० वर्ष समाजसेवी भई कार्य गरेको हुनुपर्नेछ।

२३. <u>सेवा प्रदायक निकायको नक्सांकन तथा सूचीकरणः</u> (१) बुद्धशान्ति गाउँपालिकामा रही बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्धनका लागि ईच्छुक सामाजिक संस्थाहरू बुद्धशान्ति गाउँपालिकामा अनिवार्य रूपमा सूचीकृत हुनु पर्दछ।

(२) उपदफा (१) सूचीकृत गर्नका निमित्त बुद्धशान्ति गाउँपालिका स्थानीय बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ।

(३) बुद्धशान्ति गाउँपालिकामा सूचीकृत हुन इच्छुक सेवा प्रदायक निकायले सूचनामा तोकिए बमोजिमका कागजात तथा संस्थागत विवरण सहित बुद्धशान्ति गाउँपालिका स्थानीय बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उप-दफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ बुद्धशान्ति गाउँपालिकामा स्थानीय बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरूलाई सेवा प्रदायक निकायको रूपमा बुद्धशान्ति गाउँपालिकामा स्थानीय बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवा प्रवाहको अवसर प्रदान गर्नेछ।

## परिच्छेद ८

## <u>बाल कोष तथा विविध</u>

२४. <u>बालकोषः</u> (१) विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसा पीडित बालबालिकाको सहयोगार्थ बुद्धशान्ति गाउँपालिका स्तरमा एक बाल कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्

(क) बुद्धशान्ति गाउँपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट

(ख) संघसंस्थावाट प्राप्त हुने सहायता



मनोज प्रसाई
अध्यक्ष

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने दान,दातव्य तथा चन्दा सहायता

(घ) स्थानीय न्यायिक समितिबाट बालबालिका विरूद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम

(ङ) अन्य तोकिएका आम्दानी

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनी मध्यपान, धुमपान जस्ता व्यापारिक प्रतिष्ठानहरुवाट प्राप्त हुने सहयोगलाई स्वीकार गरिनेछैन ।

२५. कोषको प्रयोग प्रयोजन: (१) देहाय बमोजिमको प्रयोजनको लागि बालकोषको प्रयोग गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हक हित सम्बन्धमा समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन

(२) बालकोषबाट गरिने बालबालिकाको सहयोगका लागि देहाय अनुसारको कागजात पेश गर्नुपर्नेछ ।

(क) सहयोग माग सम्वन्धी निवेदन

(ख) सम्वन्धित वडाको सिफारिस

(ग) जन्मदर्ता

(घ) जन्मदर्ता नहुने बालबालिकाको हकमा मान्यता प्राप्त चिकित्सकवाट उमेर निर्धारण गरेको कागज

२६. बालकोषको खर्चका सीमा: (१) बालकोषको रकम देहायका अवस्थामा स्थानीय बाल अधिकार समितिको निर्णयबाट खर्च गर्न सकिने छः

(क) हिंसा पीडित बालबालिकालाई अधिकतम रू.१०,०००.- (दश हजार) सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि

(ख) हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च अधिकतम रू. २५,०००।- (पच्चिस हजार) सम्म

(ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवं सामाजिक संरक्षणवापत अधिकतम प्रति बालबालिका रू. ५०००।- (पाँच हजार) सम्म

मनोज प्रसाई
अध्यक्ष

(घ) कुनैपनि वेला बालबालिकालाई आपतकालिन व्यवस्था गर्नुपरेमा तत्काल खर्च गर्न बालकल्याण अधिकारीको जिम्मेवारीमा रु ५०००।– (पाँच हजार) सम्म नघट्ने गरी सानो नगदी कोषको व्यवस्था गरि खर्च गरिनेछ ।

(२) बालकोष तालिम, गोष्ठी, बैठकभत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइने छैन।

२७. <u>कोषको खाता सञ्चालन:</u> (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा वा नेपाल सरकारबाट वित्तीय कारोबार गर्ने अनुमति प्राप्त सहकारीमा खाता खोली सञ्चालन गरिनेछ।

(२) उपदफा १ बमोजिमको खाता सञ्चालनका लागि बुद्धशान्ति गाउँपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

२८. <u>कोषको लेखा र लेखा परीक्षण:</u> (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ।

## परिच्छेद-९

## <u>विविध</u>

२९. <u>स्रोतको व्यवस्थापनः</u> गाउँपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

३०. <u>प्रोत्साहन पुरस्कारको व्यवस्था:</u> बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई गाउँपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ।

३१. <u>कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार:</u> कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार गाउँकार्यपालिकालाई हुनेछ।

३२. <u>संसोधन गर्न सकिने:</u> यस कार्यविधिलाई बुद्धशान्ति गाउँपालिका गाउँकार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ।

३३. <u>खारेजी र बचाउः</u> यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा कोशी प्रदेश सरकारको कानूनसंग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछन र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा लेखिएको कुराहरू मान्य हुनेछ।

३४. <u>यसै कार्यविधि बमोजिम भए गरेको मानिने:</u> बुद्धशान्ति गाउँपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्बन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल



मनोज प्रसाई
अध्यक्ष

सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्वर्धन प्रक्रियाहरू अवलम्वन गर्न कुनै वाधा पर्ने छैन।

मनोज प्रसाई
अध्यक्ष

अनुसूची १

कार्यविधिको दफा ९ सगँ सम्बन्धित

बालक्लब-सञ्जाल दर्ताको लागि निवेदनको ढाँचा

निवेदन पत्रको ढाँचा

मिति

श्री बाल कल्याण अधिकारी ज्यू,
बुद्धशान्ति गाउँपालिका
बुधवारे, झापा ।

विषय : बालक्लब र सञ्जाल दर्ता गरी पाऊँ ।

महोदय,

हामीले ........................ नामको बालक्लब, सञ्जाल खोल्न चाहेकोले .............................. बुद्धशान्ति गाउँपालिकाबाट स्वीकृत " बालअधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यविधि, २०८२ को परिच्छेद ४ दफा ९ ले गरेको व्यवस्था " बमोजिम क्लब दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं ।

प्रस्तावित क्लवको निर्देशिकाको एक प्रति, सिफारिस, र क्लवका पदाधिकारीहरुको जन्म दर्ता प्रमाण पत्रको फोटोकपी यसै साथ संलग्न गरिएको छ ।

भवदीय

अध्यक्ष

बालक्लव आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरु

१) अनुसूची १ अनुसारको निवेदन

२) अनुसूची २ अनुसारको विधान २ प्रति

३) बालक्लवको निर्णय( बुद्धशान्ति गाउँपालिकामा दर्ता गर्ने निर्णय)

४) विद्यालयको हकमा विद्यालयको सिफारिस

५) सम्वन्धित वडाको कार्यालयको सिफारिस

६) बालक्लवको कार्यसमितिको बालबालिकाहरुको जन्मदर्ताको प्रतिलिपी

मनोज प्रसाई
अध्यक्ष

अनुसुची २

कार्यविधिको दफा ९ सगँ सम्वन्धित

...................... बाल समूह वा क्लव तथा सञ्जाल ............. को २०........ (विधान)

प्रस्तावनाः राष्ट्र निर्माणको लागि बालबालिकाहरुको समेत भूमिका महत्वपूर्ण हुने भएकोले उनीहरुको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास गर्दै बालबालिकाहरुको हकहित एवं बाल अधिकारको विषयमा जनचेतना जगाई सामाजिक, सांस्कृतिक, शैक्षिक एवं अन्य सम्वद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बाल विकासका साथै बाल संरक्षणको पहल गर्न बाञ्छनीय भएकाले यो निर्देशिका तर्जुमा गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः यस विधानको नाम "............... बाल समूह-क्लव गठन तथा कार्य संचालन निर्देशिका २०७  रहने छ । यो विधान ................पालिकाबाट स्वीकृत भए पछि तुरुन्तै लागु हुनेछ ।

२. कार्यालयः यस विधान बमोजिम गठित ............. बाल समूह-क्लव......... को कार्यालय जिल्ला .............. गा.पा. वडा नं. ........ स्थित ................. स्थानमा रहनेछ ।

३. ठेगानाः यस बाल समूह-क्लवको पत्राचार इमेल वा सम्पर्क ठेगाना निम्न बमोजिम हुनेछः ..........................................................................................................

४. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

(क) "क्लव" भन्नाले यस विधानको दफा ६ अनुरुप गठित क्लव जनाउने छ । यो क्लव बुद्धशान्ति गाउँपालिकामा आवद्दता भएको बाल क्लवलाई जनाउनेछ ।

(ख) "बालबालिका" भन्नाले यस विधानको प्रयोजनको लागि ८ वर्षदेखि माथि १८ वर्ष ननाघेका बालबालिकाहरुलाई जनाउनेछ ।

५. उद्देश्य एवं कार्यहरुः

यस बाल समूहको देहाय बमोजिमका उद्देश्य एवं कार्यहरु रहनेछन्ः

(क) बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा सहभागितात्मक विकासको अभिवृद्धि गर्ने ।

(ख) बाल अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनको बारेमा सचेतना गराउनु ।

(ग) बाल समूहको विस्तार र संगठनात्मक क्षमता अभिवृद्धि गर्ने ।

(घ) धर्म, वर्ण, लिङ्ग, जातजाति वा अन्य कुनै आधारमा बालबालिकाहरुलाई विना भेदभाव समान अवसर प्रदान गर्ने बारे जनचेतना जगाउने

(ङ) बालबालिकाहरुको विरुद्ध हुने घरायसी हिंसा, बाल यौन शोषण, बाल दुर्व्यवहार, बालश्रम, बाल बेचबिखन, बाल विवाह जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय रुपमा सचेतना जगाई सो को कानूनी उपचारको लागि



मनोज प्रसाई
अध्यक्ष

(च) बाल अधिकार सम्वन्धी विविध कार्यक्रमहरु संचालन गर्ने ।

(छ) बाल विकास सम्वन्धी विविध कार्यक्रमहरु संचालन गर्नु ।

(ज) पूर्व बालविकास सम्वन्धी कार्यक्रमहरुमा सहभागी गराउनु ।

(झ) बालबालिका सम्वन्धी हरेक गतिविधिमा सहभागिता गराउनु ।

(ञ) वातावरण स्वास्थ्य सम्वन्धी कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउनु ।

(ट) आफ्नो समूह भित्रका बालबालिका सम्वन्धी विविध आधारमा तथ्यांक संकलन गर्नु ।

(ठ) बालबालिकाहरुको समस्या पहिचान गरी सो समस्या सम्वन्धित निकायमा पुर्याउन र समाधान गर्ने प्रयत्न गर्नु ।

(ड) जन्मदर्ता, बाल शिक्षा, बालिका शिक्षा, बालवृद्धि (तौल) सरसफाई, खोप पोषण, बालस्याहार, आयोडिनको महत्व जस्ता मातृ एवं बाल स्वास्थ्यको विषयमा सन्देश वाहकको रुपमा कार्य गर्ने ।

(ढ) बालबालिकाहरुसँग सम्वन्धित रोग झाडा पखाला, निमोनिया तथा खुल्ला दिशा पिसाब मुक्त क्षेत्र बनाउने लगायतका विषयमा समाजमा जानकारी एवमं सो को निरकरणको लागि चेतना जगाउनु ।

(ण) पिछडिएका, जोखिममा परेका, विपन्न, द्वन्द एवं दैवी प्रकोपबाट पीडित बालबालिकाहरुको पुर्नस्थापनाको लागि पहल गर्नु ।

(त) अन्य बाल समूहहरु वा निकायसँग समेत समन्वय गरी एकिकृत रुपमा काम गर्ने ।

(थ) बालबालिकाको पूर्ण विकासका लागि अन्य विविध रचनात्मक कार्यक्रमहरु संचालन गर्ने ।

(द) एच.आई.भि. एड्सका सम्वन्धमा जनचेतना जागृत गराउने ।

(ध) बाल विवाह, वहुविवाह, अनमेल विवाह, जातीय भेदभाव एवं दाइजो प्रथा लगायत सामाजिक विकृतिको विरुद्ध जनचेतना जगाउने ।

(न) बालबालिकाहरुलाई विविध प्रतिस्पर्धात्मक गतिविधिमा विना भेदभाव बालबालिकालाई सरिक गराउन पहल गर्ने ।

६. बाल क्लवको गठनः

६.१ बालक्लवको गठन समूहका साधारण सदस्यहरुको साधारण सभाबाट हुने निर्वाचन प्रकृयाबाट हुनेछ । यस बालक्लवको कार्य समितिमा निम्नानुसारका पदाधिकारी हुनेछन्ः

(क) अध्यक्ष : १ जना

(ख) उपाध्यक्ष : १ जना

(ग) सचिव : १ जना

(घ) सहसचिव : १ जना

(ङ) कोषाध्यक्ष : १ जना

(च) सदस्य : कम्तिमा २ जना र बढिमा ९ जनासम्म

(छ) सल्लाहकार : आवश्यकतानुसार

(ज) संरक्षक : १ जना

६.२ बाल क्लवको कार्य समितिको संरचना समावेशीताको आधारमा गठन हुनेछ ।



मनोज प्रसाई
अध्यक्ष

७. सल्लाहकारः

बाल क्लवले सल्लाहकार नियुक्ति गर्दा निम्न आधारमा गर्नु पर्दछ :

(क) पूर्व बाल क्लवको अध्यक्ष पदेन सल्लाहकार हुनेछ ।

(ख) स्थानीय शिक्षक, खेलाडी, प्रतिष्ठित विद्वान, प्राध्यापक वा समाजका प्रतिष्ठित व्यक्ति वा सम्वन्धित संस्थाका सदस्यहरुका अभिभावक मध्येबाट आवश्यकतानुसार सल्लाहकारहरु रहने छन् ।

८. संरक्षकः

वाल क्लवका संरक्षकमा संस्थालाई अभिभावकको रुपमा आर्थिक वा व्यवस्थापकीय सहयोग प्रदान गर्ने संस्था-व्यक्ति रहने छन् । संरक्षकको नियुक्ति बाल समूहको निर्णय अनुसार हुनेछ ।

८.१ विद्यालयमा एकजना शिक्षक संरक्षक र प्राधानाध्यापक प्रमुख संरक्षक शिक्षक रहनेछन ।

९. पदावधिः

बाल क्लवको पदावधी गठन भएको मितिले २ वर्षको हुनेछ । कुनै पदाधिकारीले राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा पदाधिकारीको हकमा बाँकी अवधिका लागि सम्बन्धित बाल क्लवले आफु मध्येबाट नियुक्ति गर्नेछ र सदस्य पदका लागि आफ्नो साधारण सदस्य मध्येबाट चयन गर्नु पर्नेछ ।

१०. पदाधिकारीको काम, कर्तव्य र अधिकारः

पदाधिकारीहरुको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. क्लवको वैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।

२. क्लवको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने।

३. क्लवको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्न लगाउने ।

४. क्लवको निर्णयको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

५. क्लवको प्रतिनिधि चयन गरी पटाउने वा समूहको प्रतिनिधित्व गर्ने।

६. उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने ।

७. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।

८. बाल क्लव जिल्ला समन्वय समितिसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरुसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने ।

९. तोकिएको अन्य कार्य गर्ने ।

ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने ।

२. तोकिएको अन्य काम गर्ने ।

ग. सचिवको काम, कर्तव्य र अधिकारः सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्नेछः

१. क्लवको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।



मनोज प्रसाई
अध्यक्ष

२. बालबालिका वा बाल क्लवसंग सम्बन्धित व्यक्तिको अभिलेख अद्यावधिक गर्ने ।
३. क्लवको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राखे ।
४. क्लवको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।
५. क्लवको प्रशासकीय कार्य गर्ने ।
६. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने ।
७. क्लवको सामान्य आर्थिक कारोवारहरुको अभिलेख राखे ।
७. तोकिएको अन्य कार्य गर्ने ।

घ. सहसचिवको काम, कर्तव्य र अधिकारः
१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार संहाल्ने ।
२. तोकिएको अन्य कार्य गर्ने ।

ङ. सदस्यको काम कर्तव्य र अधिकारः
१. बैठकमा सहभागी हुने ।
२. निर्णयको लागि आफ्नो मत पेश गर्ने ।
३. तोकिएको कार्य गर्ने ।
४.समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

११. सदस्यताः

अ. सदस्यताको योग्यताः

यस बाल समूहमा देहायका बालबालिका सदस्य हुन पाउने छन् ।
(क) उमेर कम्तिमा ८ वर्ष पुगी १८ वर्ष ननाघेको
(ख) स्थायी सरुवा रोग नलागेको ।
(ग) मगज नविग्रेको वा बौलाहा नभएको ।
(घ) समूहको निर्देशिकामा प्रतिबद्ध हुने ।

आ. सदस्यताको खारेजीः
(क) १८ वर्ष उमेर नाघेमा ।
(ख) मृत्यु भएमा ।
(ग) राजिनामा दिएमा ।
(घ) अविश्वासको प्रस्ताव पारित भई हटाइएमा ।
(ङ) सदस्यता नविकरण नभएमा ।
(च) लगातार तीन पटक विना सूचना बैठकमा अनुपस्थित भएमा ।
(छ) एक भन्दा बढी बाल क्लवको सदस्यता लिएको पाइएमा वा प्रतिनिधित्व गरेमा ।

१२. समूहका पदाधिकारीको उमेरको हदः

बाल क्लवका कार्यसमितिका पदाधिकारीको उमेर कम्तिमा आठ वर्ष पुगेको हुनु पर्नेछ र १६ वर्ष सम्मको रहनेछ ।



मनोज प्रसाई
अध्यक्ष

१३. आरक्षणः

यस बाल क्लवमा सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५० प्रतिशत बालिका हुनुपर्नेछ तर समूहमा प्रर्याप्त बालिका सदस्य नभएमा पनि समूह कायमै रहनेछ ।साथै कम्तिमा १ जना अपाङ्गता भएका व्यक्तिलाई सदस्यमा राखु पर्नेछ ।

१४. सदस्यता शुल्क तथा नविकरणः

(क) बाल क्लवको सदस्यता शुल्क वा नवीकरण शुल्क वा अन्य कुनै शुल्क बाल क्लवले तोके बमोजिम हुनेछ र सो को अभिलेख सचिवले व्यवस्थित रुपमा राखुपर्नेछ ।

(ख) बाल समूहका सदस्यले आ आफ्ना समूहमा हरेक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ ।

१५. बैठकः

बाल समूहले कम्तिमा महिनाको एक पटक बैठक बस्नु पर्नेछ । बैठकको गणपूरक संख्या ५१% को उपस्थितिलाई मानिनेछ ।

१६. निर्णयः

बाल समूहको बैठकमा बहुमतको निर्णय मान्य हुने छ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने सक्ने छ ।

नोटः निर्णय प्रक्रियामा संरक्षक वा सल्लाहकारले मतको प्रयोग गर्न पाउने छैनन् ।

१७. निर्वाचनः

बाल समूहले प्रजातान्त्रिक पद्धति अनुरुप आफ्नो समूहको निर्वाचन पदावधि समाप्त हुनुभन्दा एक महिना पहिले सम्पन्न गर्नुपर्नेछ ।

१८. निर्वाचन अधिकृत :

बाल समूहले आफ्ना संरक्षक एवं सल्लाहकार मध्येबाट कम्तिमा तीन जना निर्वाचन अधिकृत तोक्नु पर्नेछ । सो मध्ये एक जना मुख्य निर्वाचन अधिकृत रहने छन् । मुख्य निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया वा कार्यविधि आफै निर्धारण गर्नेछ ।

१९. कोषः

(क) यस बाल समूह,क्लव, सञ्जालको आफ्नो कोष हुनेछैन ।

(ख) बालक्लव, समुह, सञ्जालको कार्यक्रम सञ्चालनका लागी हुने आर्थिक दायित्व बालक्लव वा समुहको हकमा बालक्लव वा समुहले निर्णय गरी तोकिएको वयस्क संरक्षक र वडा र नगरसञ्जालको हकमा बालबालिकासँग सम्वन्धित पदाधिकारीले जिम्मेवारी वहन गर्नुपर्नेछ ।

२०. प्रतिवेदनः

बाल समूहले आफ्नो वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन उपमहानगरपालिकामा पेश गर्नु पर्नेछ ।

२१. संशोधनः

यो निर्देशिका संशोधन गर्दा बाल समूहको साधारण सभाको दुई तिहाई सदस्यहरुको बहुमतले निर्देशिका संशोधन प्रस्ताव पारित भई उपमहानगरपालिकाबाट स्वीकृत भएपछी यो निर्देशिका लागू हुनेछ ।



मनोज प्रसाई
अध्यक्ष

२२. बचाउः
प्रस्तुत निर्देशिकामा उल्लेखित कुराहरु प्रचलित नेपाल ऐन नियम वा विनियमसँग बाँझिएमा बाँझिएको हदसम्म यस निर्देशिकामा उल्लेखित कुराहरु स्वतः अमान्य हुनेछन् ।

२३. समूहको खारेजी वा विघटनः
कुनै कारणवश समूह खारेजीमा परेमा वा विघटन हुन गएमा त्यस समूहको सम्पूर्ण चल अचल सम्पत्ति उपमहानगरपालिकाको संरक्षणमा सर्नेछ ।

२४. विविधः
१. साधारण सभाः समूहको साधारण वर्षको एक पटक बस्नेछ । साधारण सभाको सूचना प्रत्येक सदस्यहरुलाई १ महिना अगावै सचिवले दिनु पर्नेछ । साधारण सभामा समूहको वार्षिक कार्य प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा वार्षिक कार्ययोजना सम्बन्धी प्रस्तावहरु निर्णयार्थ समूहले पेश गर्नेछ । साधारणसभाको गणपूरक संख्या समूहका साधारण सदस्यहरुको ५१% को उपस्थितिलाई मानिनेछ ।
२. कार्यविधि बनाउनेः निर्देशिकाको उद्देश्य प्राप्तीको लागि समूहले आफूलाई आवश्यक पर्ने विनियम बनाउन सक्नेछन् साथै आवश्यक समिति र उपसमितिहरुको पनि गठन गर्न सक्नेछन । यो समितिको कार्यविधि बाल समूह–क्लवले निर्धारण गर्नेछ ।
३. संशोधनः समूहको निर्देशिका संशोधन गर्न परेमा निर्देशिका संशोधन प्रस्ताव समूहको साधारण सभाको दुई तिहाई बहुमतको निर्णय भई उपमहानगरपालिका.बाट स्वीकृत भएपछि मात्र लागु हुनेछ ।
४. अविश्वासको प्रस्तावः समूहको निर्देशिका विपरित कार्य गरेको भनि समितिका कुनै पदाधिकारी माथि समितिका एक तिहाई सदस्यहरुले गरेको लिखित अविश्वासको प्रस्ताव समूहमा पेश गरेमा सो प्रस्ताव साधारण सभाको दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्ता पदाधिकारीहरु स्वतः पद मुक्त हुनेछन् ।
५. समूहले आफ्नो निर्देशिका एवं पदाधिकारी सदस्य सहितको नामावली उपमहानगरपालिकामा पेश गर्नु पर्नेछ ।

अनुसूची १

समूहको छाप

(समूहको छापमा समूहको नाम, स्था. वर्ष र ठेगाना अनिवार्य रुपमा हुनु पर्नेछ) र लोगो क्लवले निर्णय गरेअनुरुप हुनेछ ।

अनुसूचि २

समूहका कार्यसमिति्का पदाधिकारीहरु

| क.सं. | पद | नाम, थर | पुरा ठेगाना | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | सहसचिव | | | | |



मनोज प्रसाई
अध्यक्ष

गाउँकार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |
| १० | सदस्य | | | | |
| ११ | सदस्य | | | | |
| १२ | सदस्य | | | | |
| १३ | सदस्य | | | | |
| १४ | सदस्य | | | | |
| १५ | सदस्य | | | | |

नोटः

१. यस बमोजिम साधारण सदस्यहरु थप गर्न सकिने छ ।

२. समूहका साधारण सदस्यहरुले प्रत्येक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ ।

३. निर्देशिका बमोजिम आवद्धता एवं सूचिकृत गराउनु पर्ने निकाय वा संस्थामा सम्वन्धित गाउँपालिका वा विद्यालय वा सम्वन्धित संरक्षकत्व प्रदान गरेको संस्था मध्ये कुनै एकको सिफारिस संलग्न हुनु पर्नेछ । सिफारिस साथ कार्य समितिका सबै पदाधिकारीहरुको संयुक्त निवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ।

४. यस निर्देशिकाको प्रतिबद्धताको लागि बाल समूहको कार्य समितिका सम्पूर्ण पदाधिकारीहरुले निर्देशिकाको सबै पानाको तल माथि हस्ताक्षर गरेको हुनु पर्नेछ ।

५. आबद्धता वा सूचिकृत गर्दा दुई प्रति निर्देशिका रितपूर्वक तयार गरी पेश गर्नु पर्नेछ ।

मनोज प्रसाई
अध्यक्ष

अनुसूची ३

दफा ९को उपदफा (४) सगँ सम्बन्धित

बालक्लब दर्ता प्रमाणपत्रको नमुना

बुद्धशान्ति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुधबारे, झापा, कोशी प्रदेश, नेपाल

**<u>दर्ता प्रमाणपत्र</u>**

दर्ता नं.

मितिः

श्री.......................................बालक्लब/बालसञ्जाल

...................................................

झापा जिल्ला बुद्धशान्ति गाउँपालिका वडा नं ......... को ...................................................... विद्यालय/समुदायमा गठन भएको ........................................................ बालक्लव/सञ्जाललाई यस बुद्धशान्ति गाउँपालिकामा दर्ता गरी बालमैत्री, बालअधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०८२ को परिच्छेद ४को दफा ९ ले व्यवस्था गरेअनुसार दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ ।

बालअधिकार संरक्षण र सम्वद्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९८९ तथा सबै बालबालिका सम्बन्धी कानुनहरुको अधिनमा रही यस बुद्धशान्ति गाउँपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं ।

प्रमाणित गर्ने

नामः

पदः

दस्तखतः



मनोज प्रसाई

अध्यक्ष

## अनुसूची ४
## बुद्धशान्ति गाउँपालिका
## प्रदेश
### बालक्लब दर्ता किताब

| क.सं. | बालक्लबको नाम | ठेगाना | बालक्लबमा सदस्य संख्या | | संरक्षक को नाम | स्थापना मिति | दर्ता नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची ५
## बुद्धशान्ति गाउँपालिका
## प्रदेश
### बालक्लब नविकरणको दर्ता किताब

| क.सं. | बालक्लबको नाम | ठेगाना | बालक्लबमा सदस्य संख्या | | संरक्षक को नाम | स्थापना मिति | दर्ता नं. र मिति | सम्पर्क नं. | नविकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

आज्ञाले
मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

मनोज प्रसाई
अध्यक्ष